# सहकारी ,वन बातावरण तथा बिपद् ब्यबस्थापन ईकाई शाखा

प्रस्तुत कर्ता /तयार गर्ने :रन्जित राज बानियाँ

१. पृष्ठभूमी
२. परिचय
३. कार्यान्वयको संक्षिप्त अवस्था
४. कार्यान्वयनमा देखिएको प्रमुख चुनौति

# पृष्ठभूमी

- यस इन्द्रसरोवर गाउँपालिका मकवानपुर जिल्लाको उत्तरी भू- भागमा अवस्थित एउटा हराभरा सुन्दर
- पर्यटक सम्भाब्यता बोकेको सानो गाउँपालिका हो । जिल्लाको सानो गाउँपालिका भएता पनि धेरै अवसर सम्भाब्यता बोकेको र बिकास लागि धेरै अगाडि बढेको , प्रदेश राजधानी र संघीय राजधानी जोड्ने सबैभन्दा छोटो सडक संजाल जोड्नमा ठुलो भूमिका खेलेको र सडक संजालमा अबस्थित गाउँपालिका हो ।
- भैगोलिक रुपमा उच्च पहाडी र भिरपाखा भौगोलिक बिकटताले गर्दा सधै बर्षात ऋतु सँगै आउने बाढी पहिरो तथा बाढी पहिरो बिपद् जन्य उच्च जोखिममा रहेको छ ।
- उर्वर भूमि तरकारी जन्य उत्पादनको हिसाबमा चिरपरिचित यस गाउँपालिकामा यहाँ उत्पादन हुने तरकारी बिउ बिजन तथा तरकारी खेती लाई आवश्यक पर्ने सहुलियत पूर्ण ऋणको लागि कृषि सहकारी तथा बचत तथा ऋण सहकारी संस्थाहरु रहेको हुँदा कृषकलाई काममा हौसला सँगै देशकै नमूना महिला सहकारी संस्थाहरु पनि रहेको छ ।
- देशकै सबैभन्दा ठुलो मानव निर्मित ताल झरना प्राकृतिक रुपमा पाइने जंगली रुख बोट बिरुवा झारपातले यहाँको प्राकृतिक बातावरण सफा हराभरा पारिस्थितिक प्रणाली सन्तुलनामा राख्न ठुलो भूमिका खेलेको छ ।

# कार्यन्वयनको संक्षिप्त अबस्था

- यस इन्द्रसरोवर गाउँपालिका भित्र रहेका सहकारी संस्थालाई ब्यबस्थित  ब्यबस्थापन रुपमा अगाडि बढाउन इन्द्रसरोवर गाउँपालिका स्तरीय सहकारी समन्वय समितिको नियमित मासिक बैठक बसी समसामायिक समस्या अबस्थाको बिषयमा छलफल गरी आगामी दिनमा कसरी समस्या र चुनौती सामाना गरी अगाडि बढ्ने निर्णय गरिन्छ ।



# सहकारी वन बाताबरण तथा बिपद् ब्यबस्थापन ईकाई शाखा बाट भएका कामहरु

- बिपद् कार्यको लागि आवश्यक सामाग्री किन्न रु पाँच लाख रुपैया पेश्की लिई तपशिलका उद्धार तथा ब्यबस्थापनको लागि सामाग्री खरिद
- लाइफ ज्याकेट
- साबेल
- पिक
- हेल्मेट
- पंजा
- बुट
- बाल्टिन
- डोरी

- ✓ यस गाउँपालिकामा भित्र रहेका घर बस्ती ब्यक्ति परिवारमा बिपद् जन्य बिपत्तिमा परेका जोखिमयुक्त परिवारको निवेदन संकलन गरी बिपद् कार्यबिधि मापदण्ड बमोजिम नगद तथा आवश्यक राहात सामाग्री बितरण ।

- ✓ त्यसै गरी बाढी पहिरो तथा प्राकृतिक बिपत्तिको कारण घर बस्ती सडक जोखिममा लाई मध्यनजर गरी आवश्यक ग्याबिन जालीबाट छेकबार गर्नै काम भएको छ र खानेपानी पाइप बगाइ खानेपानी समस्या लाई तत्काल समाधान गर्न माग र आवश्कतालाई हेरी खानेपानी पाइप बितरण गरीएको छ ।

- ✓ यस गाउँपालिकाको पाँच वडा कार्यालयमा बिपद् जन्य कार्यमा सुरक्षित उद्धार कार्यमा लाग्न बिपद् उद्धार राहात समाग्री बितरण गरिएको छ जसमा लाइफ ज्याकेट, साबेल ,पिक, हेल्मेट, पंजा बाल्टिन बितरण गरिएको छ ।

# बिपद् सामाग्री खरिद गरी ल्याईएको



# बिपद् उद्धार सामाग्री तथा ग्याविन जाली






# वडा नं.१ र ५ मा बिपद् उद्धार सामाग्री हस्तान्तरण गर्नुहुदै इन्द्रसरोवर गाउँपालिका का उपाध्यक्ष श्री उमा कुमारी लामा  ज्यू





# वडागत रुपमा बिपद् उद्धार सामाग्री यस इन्द्रसरोवर गाउँपालिकाका उपाध्यक्ष श्री उमा कुमारी लामा ज्यूको संयोजकत्वमा बितरण गरिएको






# हकारी तथा बन बातावरण तथा बिपद् ब्यबस्थापन ईकाई शाखाले गरेका कामहरु

१. सहकारी समन्वय समितिको नियमित मासिक बैठक र बिश्व महामारीको कारण २०७७ बैशाख देखी २०७७ असार मसान्त सम्म नियमित मासिक बैठक बस्न नसकेको

२. बिपद् ब्यवस्थापनको लागि बिपद् परेका ब्यक्ति घर परिवारलाई उद्धार राहात सामाग्री तथा राहात को रुपमा बिपद् राहात तथा कार्यबिधि मापदण्ड-२०७७ बमोजिम नगद बितरण

३.२०७७ साल असार मसान्त सम्म यस गाउँपालिकामा प्राकृतिक जन्य बिपत्तिबाट मानवीय क्षति नभएको र बस्ने घर बारमा क्षति पुगेकोमा वडा नं ३ मा ३ जना लाई रु २५ हजार नगद राहात बितरण र रु ५ हजार एक जना लाई गरी जम्मा ४ जना लाई नगद राहात उपलब्ध गराईएको त्यसै गरी वडा नं.४ मा ४ जना लाई रु २५ हजारको दरले नगद राहात उपलब्ध गराईएको र वडा नं.५ मा शौचालय भत्किएका १ जना लाई रु ५ हजार रकम उपलब्ध गराईएको छ ।

४.वडा नं. २ मा पहिरोको कारण घर जोखिममा रहेको परिवारलाई ग्याविन जाली १२ वटा उपलब्ध गराई मानवीय बस्ती बचाउन सहयोग पुगेको अपेक्षा गरिएको छ ।

५. वडा नं.१ मा २ वटा घर जोखिममा रहेको र सानो मार्खु टौमास जाने बाटोमा पहिरोको कारण उक्त सडक खण्डमा असर गरेको हुँदा आवश्यक ग्याविन जाली माग भएको हुँदा सो कार्यलाई प्राविधिक स्टेमेट स्थलगत रुपमा अवलोकन गरी सो कार्यलाई अगाडि बढाईएको छ ।

५. वडा नं.३ को टेकरमा दिपक बानियाँ घरमा बाढीले क्षति पुगेकोमा १२ ग्याविन जाली गाउँपालिकाबाट सहयोग गरी घर लाई पूर्ण क्षति हुनबाट जोगाउन काम गरेका छौं ।

# वडा नं.२ र ४ मा बिपद् सामाग्री हस्तान्तरण कार्यक्रममा





# उद्धार सामाग्री बितरण





# २०७७ साल भदौ महिनामा भएको बिश्व महामारि कोभिड-१९ को समयमा लकडाउनमा माइकिङ्ग गर्दै हिडदाको क्षण



# कार्यन्वयनमा देखिएको चुनौती

- यस गाउँपालिका भित्र रहेका सहकारी संस्थाहरुमा देखिएको दोहोरो सदस्यता अन्त्य गर्न र एकै प्रकृतिमा उद्देश्य र कार्यक्षेत्र रहेका सहकारीहरुलाई मर्ज र एकिकरण गरी अगाडि लैजान सहकारी ऐनमा टेकेर स्पष्ट कार्यबिधि र मापदण्ड नबन्नु तथा बजेट अभावका कारण सहकारी क्षेत्रलाई ब्यबस्थित र ब्यबस्थापनमा प्रमुख चुनौती रहेको छ ।
- वन तथा बातावरण शाखामा अघिल्लो आर्थिक बर्षमा कार्यबिधि र ऐन तथा बजेट अभावको कारण पालिकाको पनि बन तथा बातावरण सम्बन्धी योजना नबन्नु र बातावरण मैत्री महत्वकांक्षी योजना नहुनु नै प्रमुख चुनौती रहेको छ ।
- बिपद् ब्यबस्थापनमा देखिएको समस्या स्थानीय बिपद् प्रकोप क्रियाशिल नहुनु र कोषमा रकम मौजाव्त नरहनु जसले गर्दा समयमा आवश्यक बिपद् ब्यबस्थापनको लागि तत्काल सामाग्री खरिद गर्ने अबस्था नरहेको छ ।

# धन्यवाद

# समाप्त